पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

# प्रेस विज्ञप्ति

आर्थिक वर्ष २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यको वुद्धा नं. १९९ मा उल्लेखित "वातावरणीय प्रभाव मुल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा निकासी..." गर्ने सम्बन्धमा विभिन्न संचार माध्यममा प्रकाशित समाचार एवं व्यक्त विचारप्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

चुरे, भावर, शिवालिक र नदी प्रणाली वाहेकका खानी तथा भूगर्भ विभागले पहिचान गरेका र वातावरणीय अध्ययनको आधारमा उपयुक्त क्षेत्रमा खानी उत्खनन गर्ने नेपाल सरकारको नीतिगत दृष्टिकोण रहेको विषय अर्थ मन्त्रालयको प्रेस विज्ञप्तिबाट स्पष्ट भैसकेको छ ।

चुरे, भावर, तराई-मधेश क्षेत्रको संरक्षणको लागि राष्ट्रिय गौरवको आयोजनाको रुपमा स्वीकृत राष्ट्रपति चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना कार्यान्वयन भैरहेको अवगत गराउन चाहान्छु । यस मन्त्रालय चुरे संरक्षणप्रति संवेदनशील छ र वातावरणीय पक्षलाई ध्यान दिई यससंग सम्बन्धित नीति, कानून तथा मापदण्डहरुको पूर्ण परिपालना गर्न/गराउन प्रतिवद्ध छ ।

चुरे तथा वातावरण संरक्षणप्रति सरोकारवाला, संरक्षणकर्मी, नागरिक समाज, अभियन्ता लगायत विभिन्न तह र क्षेत्रबाट व्यक्त भएको चासो र चिन्ताको विषयमा मन्त्रालयले उचित ध्यान दिई अगाडी बढ्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

२०७८/०२/१९

२०७८ जेठ १९ गते

(डा. बुद्धिसागर पौडेल)

प्रवक्ता

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

Scanned with CamScanner